दुल्लू नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

दुल्लू, दैलेख

कर्णाली प्रदेश ,नेपाल

## साना सिंचाई निर्माण तथा मर्मत संभार अनुदान सवन्धी सूचना ।।।

प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०७/२८

दुल्लू नगरकार्यपालिकाको कार्यालय, दुल्लू, दैलेख को आ.व.२०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहकारी खेती, साना सिंचाई, मल बीउ ढुवानी अनुदान कार्यक्रम अन्तर्गत साना सिचाई निर्माण/मर्मत सम्भारको लागि २० प्रतिशत कृषक समूहको लागत सहभागिता रहनेगरी बढीमा ५८,०००/ अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले निम्न प्रक्रिया पुरा गरि यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको कृषि विकास शाखामा निवेदन दिनुहुन संबन्धित सबैमा सुचित गरीन्छ ।

तपसिल

१. सिंचाइ आयोजना माग गर्दा कृषक सहकारी संस्था/समूहको निर्णयको प्रतिलिपि, कृषक समूह/कृषि सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी, सम्पूर्ण सदस्यहरुको जग्गा धनी प्रमाण-पत्र (लालपूर्जा) अनुसार आ.व.२०७४/७५ मा तिरो तिरेको रसिदको छाँया प्रति समावेश गर्नु पर्ने छ ।
२. उपलब्ध फाराममा माग भएको विवरणहरु पूर्ण रुपमा भरिएको हुनुपर्ने छ ।
३. वडा कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ ।
४. निवेदन दस्तुर रु.१००/- नगर कार्यपालिकाको राजश्व शाखामा दाखिला गरी सोको सक्कल रसिद पेश गर्नु पर्नेछ ।
५. कृषक समूह भन्नाले कृषि विकासको उद्देश्य अनुरुप सरकारी निकायहरुमा आधिकारीक रुपमा दर्ता भएका कृषक समूह वा उपभोक्ता समिति/समूहहरुलाई जनाउछ ।
६. सहकारी संस्था भन्नाले कृषि संबन्धि कार्य गर्ने उदेश्य सहित डिभिजन सहकारी कार्यालय वा सम्बन्धित तहमा विधिवत रुपमा दर्ता भएका सहकारी संस्थालाई बुझाउने छ ।
७. निवेदन फाराम दुल्लू नगरकार्यपालिकाको कार्यालय, कृषि बिकास शाखाबाट प्राप्त गर्न सकिने छ ।
८. सिंचाई माग गर्ने कृषक समूह/सहकारी संस्थाहरु सम्बन्धित निकायहरुमा दर्ता भएको न्यूनतम १ वर्ष पुगेको हुनुपर्ने छ ।
९. निवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र निवेदन पेश गर्न सकिने छ ।
१०. निवेदन पेश गर्ने अवधि २०७५/७/२८ देखि २०७५/८/१२ गते सम्म हुनेछ ।

थप जानकारीका लागि कृषि विकास शाखाको फोन नं. ०८९-४११०५० तथा मो.नं. ९८४४८५९४०१ र ९८४८१३८६९५ मा सम्पर्क गर्नुहोला।

पुनश्चः रित नपुगेको र म्याद नाघि आएका निवेदनहरु उपर कुनै कार्वाही हुने छैन ।

(तेजराज शर्मा)

प्रमुख प्रशासकिय अधिकृत

तेजराज शर्मा

प्रमुख प्रशासकीय अधिकृत